## "स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर"

## आर्थिक वर्ष ०७६।०७७ को नीति तथा कार्यक्रम

नगरपालिकाका उपप्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,

सिद्धिचरण नगरपलिकाको प्रमुखको हैसियतले यस सम्मानित सभा समक्ष आगामि आर्थिक वर्ष ०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्वाञ्जली व्यक्त गर्दछु ।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप संघीयता सहितको समावेशी राज्य प्रणाली स्थापना भएको छ । तीनै तहको निर्वाचनबाट संघीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ । यो मौलिक स्वरुपको राजनैतिक उपलब्धी सँगै जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान सरकारलाई राज्यको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र सम्बृद्धिको यात्रामा अविचलितरुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

उच्च आर्थिक बृद्धि दिगो विकास र उज्ज्वल भविष्य सहितको लोककल्याणकारी र सुशासन युक्त नगर स्थापित गर्न म प्रतिबद्ध छु । साथै विकास र सम्बृद्धिको आधार नगरबासी र जनप्रतिनिधिको सहकार्य, समन्वय, सहयोग र विश्वास हो । जसको माध्यमबाट भविष्यको पिढी र पुस्तालाई समेत ख्याल गरी स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै नगरको विकास र सम्बृद्धिको लागि समेत म कटिबद्ध छु ।

यस नगरपालिका भौगोलिक विविधताले गर्दा मौसम र यहाँको हावापानीमा पनि विविधता पाइन्छ । माथिल्लो भागमा रहेका ३ हजार मिटर माथिका डाँडाहरुमा हिउद महिनामा हिउँ पर्ने गरेको पाइन्छ । यस नगरपालिकाको पूर्वमा चिशंखुगढी गाउँपालिका, पश्चिममा मोलुङ र सुनकोशी गाउँपालिका, उत्तरमा सोलुखुम्वु जिल्लाको दुधकुण्ड नगरपालिका, दक्षिणमा मानेभन्ज्याङ्ग गाउँपालिका र खोटाङ जिल्लाको हेलेसी तुवाचुङ नगरपालिका पर्दछ । यस नगरपालिकाको क्षेत्रफल १६७.८८ वर्ग किलो मिटर रहेको छ भने हाल करिब ३२ हजार जनसंख्या बसोबास गरेको पाइन्छ ।

तलदेखि माथिसम्मको विभिन्न भौगोलिक धरातलको कारणले नगरपालिकाको क्षेत्रभित्र उष्ण, समशीतोष्ण र शीतोष्ण खालको हावापानी पाइन्छ । उष्ण हावापानी करिव ४ सय मिटरदेखि हजार मिटरसम्मको उचाइमा, समशीतोष्ण २ हजार देखि ३ हजार मिटरसम्म र शीतोष्ण ३ हजार मिटर देखि माथि पाइन्छ । रुम्जाटार र सो आसपासका क्षेत्र र दुकोशी नदीको छेउ लगायत तल्लो भेगमा केही गर्मीको महशुस गर्न पाइन्छ भने अन्य स्थानमा समशीतोष्ण खालको हावापानी पाइन्छ जसले गर्दा यो

नगरपालिका क्षेत्रमा धेरै गर्मी पनि नहुने धेरै जाडो पनि महसुस नहुने हुनाले वसोवास, हावापानीको दृष्टिकोणले अनुकूल देखिन्छ ।

भू-वनोटतर्फ अध्ययन गर्दा नगरपालिकामा नदी किनारका केहीसम्म परेका खेतहरु पाइन्छन् भने बिचको पहाडी खण्डमा गरा परेका खेतबारी र जङ्गलहरु यथेष्ट पाइन्छन् । माथिल्लो लेकाली क्षेत्रमा वनजङ्गलको साथै देवदारका रुखहरु, धुपी, सल्ला तथा वुट्यानहरु पाइन्छन् ।

यहाँको अधिकांश जमिनको क्षेत्रफल भिरालो भएको हुनाले माटोको वनावटमा धेरै ठाउँमा समानान्तर पाइन्छ । उवर्रा माटोको क्षयीकरणले गर्दा यस नगरपालिकाको अधिकांश भागमा रातो माटो, वलौटे दोमोट र कालो र कमेरो माटो पाइन्छ । केही समथर भू-भाग जस्तै रुम्जाटार, सानीटार, विगुटार लगायत विभिन्न टारहरुमा उर्वरा माटो भएकाले सो स्थानमा कृषि उत्पादन  राम्रो देखिन्छ ।

यस नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरी सुशासन, विकास र सम्बृद्धिको लागि आवश्यक स्रोतसाधन, जनशक्ति व्यवस्थापन र लैंगिकमैत्रीको लागि विशेष जोड दिइने छ ।

नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय व्यवस्थापिका, कार्यपालिका, न्यायिक समिति, नगरसभा, नगरपालिकाले वनाईएका कानूनहरु, संघ र प्रदेश सभाले वनाएका कानूनहरु यो नगरपालिका संचालनका मुख्य आधारहरु हुन । संविधानको धारा २२६ मा स्थानीय तहले कानून बनाउन सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २१४ को अनुसूचि ८ र ९ बमोजिम एकल र साझा अधिकारको व्यवस्था छ  । त्यसैगरी न्यायिक समितिको व्यवस्था धारा २१७ मा रहेको छ भने स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ मा कर लगाउन वा ऋण लिन पाउने अधिकार उल्लेख छ । यसै अनुसार धारा २२९ मा स्थानीय सञ्चित कोषको व्यवस्था गरिएको छ । यस कोषमा नगरपालिकालाई प्राप्त हुने सवै प्रकारको राजश्व, संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको ऋण रकम र अन्य श्रोतवाट प्राप्त रकम जम्मा हुने व्यवस्था छ । संविधानमा व्यवस्था भएअनुसार तीन तहकै सरकार (संघ, प्रदेश र स्थानीय) स्वतन्त्र छन् भने समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा तिनै तह संचालन भएको छ  ।

नगर सभाका सदस्यज्यूहरु,

आगामी आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, आवधिक योजना, जनप्रतिनिधिको हैसियतले बेलाबेलामा व्यक्त गरेका प्रतिवद्धता, टोलस्तर देखि वडास्तर हुँदै वजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका चरणमा भएका छलफल, नगर कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न संघ संस्थाबाट प्राप्त सुझाव, निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, संघ र प्रदेश सरकारको नीति र कार्यक्रम,

स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका काम कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिएको छु ।

यसै सन्दर्भमा आ.व. ०७६।०७७ को वजेट, नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यहरु :**

१. गरिबी न्यूनिकरण गर्दै जिवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,
२. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको उच्चतम परिचालन गर्दै नगरभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक सम्बृद्धि हासिल गर्ने,
३. सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै भौतिक तथा सामाजिक पूर्वाधार तयार पारी सम्मुनत सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने ।

**प्राथमिकताहरु :**

१. नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन,
२. उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत, उद्योगका क्षेत्रमा पूँजी परिचालन,
३. भौतिक र सामाजिक पूर्वाधारको विकास गरी सम्बृद्ध नगरपालिका बनाउने अभियानलाई गति दिन सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार,
४. स्थानीय सरकारको आधार सुशासन, नैतिकता र सदाचार भन्ने अभिप्रायका साथ आम नगरबासी लाई गुणस्तरीय, परिणाममूखि र छिटो छरितो सेवा प्रदान,
५. जलवायु अनुकूलन, पर्यावरणी संरक्षण र विपद् व्यवस्थापन,
६. लैंगिक समानता र सामाजिक सुरक्षा ।

नगर सभाका सदस्यज्यूहरु,

अब म यस सिद्धिचरण नगरपालिकाको योजना, बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएका विधि र पद्धतिका वारेमा व्याख्या गर्न चाहन्छु ।

१. नेपालको संविधालनले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय तहको अधिकार क्षेत्रभित्र संविधानको धारा ५७ (४), २१४ (२), २२१ (२) र २२६ (१) अन्तर्गत अनुसूची ८ र ९ मा व्यवस्था गरिएका अधिकार क्षेत्रहरु,
२. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु,
३. दिगो विकासका लक्ष्य तथा संघीय सरकारको पन्ध्रौं योजनाको आधारपत्र, प्रदेश सरकार योजनाको आधारपत्र र राष्ट्रिय योजनाले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
४. टोल तथा वडास्तरीय योजना तर्जुमा भेला, विषयगत समिति तथा योजना तर्जुमा समितिबाट सिफारिस भई आएका योजनाहरु,

५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका निणर्ययहरु,
६. वजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरु,
७. विकासका समसामायिक मुद्दाहरु जस्तै : सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरणमैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।

नगर सभाका सदस्यज्यूहरु,

उपलब्ध सीमित स्रोत साधनलाई अधिकतम उपयोग गरी दिगो र भरपर्दो विकास गर्नु हाम्रो प्रतिवद्धता हो । यसो गर्न हामीले योजना तथा कार्यमहरुलाई प्राथमिकता पूर्वक क्रमश कार्यान्वयन गर्दै लैजानुपर्ने बाध्यता भएकोले सोको लागि सालबशालीरुपमा आयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरुको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो । सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरु छनौट गर्दा देहायका आधारहरु तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गर्ने नीति लिएका छौं ।

**योजना तथा कार्यक्रम छनौटका आधारहरु :**

१. आर्थिक विकासका नयाँ ढोका खोल्न सक्ने सम्भावित क्षेत्रहरु जस्तै : कृषि, पशुपालन, जडिबुटी, नगदेवाली, सडक, उद्योग, पर्यटकीय मार्ग, खानेपानी, विद्युत आदि,
२. पिछडिएका क्षेत्र, वर्ग र समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने र नयाँ रोजगारीको सृजना हुन सक्ने योजना तथा कार्यक्रमहरु,
३. स्वास्थ्य र शिक्षाको उपलब्धता तथा गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरु,
४. अपाङ्ग, महिला तथा वालवालिकाहरुलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरु,
५. वातावरण संरक्षण तथा प्रबर्द्धन हुने कार्यक्रमहरु,
६. विपद्बाट कम क्षति पुग्ने र विपद्को समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरु,
७. दलित, पिछडा वर्ग, जनजाति, सीमान्तकृत समुदाय, युवा, किशोर किशोरीको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुऱ्याने योजना तथा कार्यक्रमहरु,
८. अधुरा र क्रमागत योजनाहरुलाई पुरा गर्ने कार्यक्रमहरु ।

सभाका सदस्यज्यूहरु,

चालु आर्थिक बर्ष ०७६/०७७ को बार्षिक बजेट तथा कार्यक्रम सहितको बजेट वक्तव्य एकीकृत नगरस्तरीय योजना तर्जुमा समितिका संयोजक एवम् यस नगरपालिकाका उपप्रमुखज्यूद्वारा यसै सभा समक्ष पेश हुने हुँदा अब म यस नगरपालिकाको आ.व.०७६।०७७ को नीति प्रस्तुत गर्न अनुमति चाहन्छु ।

# १. आर्थिक विकासतर्फका नीतिहरु :

## १.१.कृषि तथा पशुपालन

अधिकांश कृषकहरु साना मझौला स्तरका छन् । कृषकहरुलाई जलवायु परिर्वतन प्राकृति प्रकोप सँग जुध्न सक्ने क्षमता विकास गर्न जरुरी छ । वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण र जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्ने खाँचो छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

- दिगो कृषि विकासका लागि आवश्यक नीति, ऐन र नियमहरु तर्जुमा गरी प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
- ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिबृद्धि गर्न कृषि जन्य बस्तुहरुको व्यवसायिक उत्पादनका लागि दिगो सिंचाई सुविधाका पूर्वाधारको पहुँच बढाइने छ ।
- खेतियोग्य जग्गालाई बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।
- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मर्निभरता बढाउन उत्पादनका पकेट, ब्लक, जोन तथा उपजोनको विकास गरी व्यवसायिक खेति प्रणालीलाई प्राथमिकता दिईने छ ।
- सहकारी खेतिलाई प्राथमिकता दिई मूल्य श्रृखंला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु एकीकृतरुपमा संचालन गरिने छ ।
- आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष कार्यक्रमहरु संचलान गरिने छ ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी आधारभूत तथ्याङ्क संकलन तथा प्रकाशन गरिने छ ।
- विषादी प्रयोग न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।
- अण्डा, मासु र दुधमा आत्मनिर्भर बनाउने तर्फका कार्यक्रम संचालन गरिने छ ।
- पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन र प्रयोगका साथै दाना, औषधि, घाँस समिश्रण मिनरल, ब्लक आदि उत्पादन र प्रयोगमा जोड दिइने छ ।
- प्रत्येक वडामा एक जना कृषि र पशुसेवा प्राविधिकको व्यवस्था मिलाइने छ ।
- मासुको गुणस्तर र स्वास्थ्यलाई कायम राख्न **"बद्यशाला देखि भान्सासम्म स्वस्थ्य र स्वच्छ मासु"** कार्यक्रम संचालन गरिने छ ।
- कृषि र पशुपालन क्षेत्रका उत्कृष्ट कृषकहरुलाई सम्मान एवं पुरुस्कार प्रदान गरिने छ ।
- कृषि बालीमा क्षति पुऱ्याउने जंगली जनवार नियन्त्रणको लागि कार्यक्रम बनाई लागु गरिने छ ।
- मकै बीउ उत्पादन पकेटलाई सुदृढिकरण गर्दै लगिने छ ।
- भौगोलिक वातावरण अनुसार प्रत्येक वडामा संभावित बालीहरुको छनौट गरी व्यवसायिक पकेट खेती गर्न प्रोत्साहित गरिने छ ।
- व्यवसायीक उत्पादन क्षेत्रमा कृषि सडक, विद्युत, संचार, संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वधारहरुको क्रमिक रुपमा विकास गरिने छ ।
- कृषि जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन तथा उपयोग गरिने छ ।
- कृषक समूह दर्ता प्रकृयालाई व्यवस्थित र सरल बनाइने छ ।

- लोपोन्मुख पशुपंक्षीहरुको पहिचान, संरक्षण, संवर्द्धन र विकास गर्दै लगिने छ ।
- प्रत्येक वडामा सम्भावव्यता र रुचिको आधारमा पशुपंक्षीको पकेट क्षेत्रको विस्तार गरिने छ ।
- पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न उन्नत नश्लका पशुपंक्षीको वितरण गरिने छ ।
- कृषि र पशु बिमा सम्बन्धी कार्यक्रम संचालन गरिदै लगिने छ ।
- पशुपालन व्यवसायलाई व्यवस्थित र बैज्ञानिक बनाउन गोठ सुधार कार्यक्रम तथा नश्ल सुधारका लागि अनुदान नीति अवलम्बन गरिने छ ।
- नमूना फर्महरुका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।
- युवा तथा विदेशबाट फर्किएका जनशक्तिलाई प्रविधि सीप र पूँजी उपलब्ध गराई पशुपालन क्षेत्रमा अभिरुची जगाइने छ ।
- निर्वाहमूखी पशुपालनलाई व्यवसायीक पशुपालनमा रुपान्तरण गरिने छ ।
- खेती नगरिएका जग्गा जमिनमा घाँस विकास कार्यक्रम संचालन गरिने छ ।
- कृषि जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन गरिने छ ।
- कृषक समूह दर्ता प्रक्रियालाई व्यवस्थित र सरल बनाइने छ ।
- Road Corridor Approach अनुरुप सडक आसपासका क्षेत्रहरुमा व्यवसायीक फलफुल तथा तरकारी खेतिलाई प्रोत्सान गरिने छ ।
- तरकारी तथा फलफुलको बढ्दो मागलाई ध्यानमा राखी सदरमुकाम तथा आसपासका क्षेत्रमा उपयुक्त ठाउँमा सित भण्डार निर्माण गर्ने कार्य अगाडि बढाइने छ ।

## १.२. सँस्कृति प्रवर्द्धन तथा पर्यटन

प्राकृतिक, साँस्कृतिक, साहासिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट सिद्धिचरण नगरपालिका एक प्रमुख पर्यटकीय गन्तव्यको संभावना बोकेको नगरपालिका हो । यस सन्दर्भमा निम्न नीति तय भएका छन् ।

- यस नगरपालिकालाई पर्यटन सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय बृद्धि गरिने छ ।
- नगरपालिकामा बसोबास गर्ने सबै जात जाति/समुदायहरुको आ-आफ्नो मौलिक संस्कृति परम्पराहरुको जगेर्ना गरी साँकृतिक पहिचानको संरक्षण गरिने छ ।
- सबै समुदायको धार्मिक र साँस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सृजना गरिने छ ।
- नगरक्षेत्रमा रहेका ऐतिहासिक तथा धार्मिक स्थल जस्तै सल्लेरीको चम्पादेवी, जन्तरखानीको भिमेश्वरी मन्दिर, सपनावती मन्दिर, बर्नालुको देउरालीडाँडा, ओखलढुंगा वजारको गणेशथान, रुम्जाटारको अखण्ड किर्तन जस्ता स्थलहरुलाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको केन्द्रकारुपमा विकास गरिने छ ।
- रुम्जाटारको राडीपाखी र भेडापालन व्यवसायलाई प्रोत्साहन गरिने छ ।
- पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरुको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि '**होम स्टे**' अवधारणा अगाडि बढाइने छ ।

- रुम्जाटार बिमानस्थलबाट देउराली टोड्के र ओखलढुङ्गा सदरमुकामबाट टोड्के सोलु सल्लेरी हुँदै सर्वोच्च शिखर सगरमाथा जाने पर्यटकीय पदमार्गको संभाव्यता अध्ययनको लागि आवश्यक पहल गरिने छ ।
- ऐतिहासिक स्थल ओखलढुंगा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमा स्थल, श्रष्टापार्क, नगरपार्क, भ्यू टावर, कडेनीगढी, रुम्जाटार गुम्बा, नलिडाँडा, झाकीढुंगा, विगुटक्सार र सहिद स्मृतिपार्क थामडाँडा क्षेत्रलाई नगरको गन्तव्य, पहिचान तथा ऐतिहासिक स्थलको रुपमा विकास गरिने छ ।

## १.३. सहकारी तथा वित्तिय क्षेत्र

आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहने कुरामा दुईमत छैन । सहकारी सम्बन्धी ऐन, नियममा समय सापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा योगदान बढाउने, वित्तिय सुशासन कायम गर्ने, विपन्न वर्गलाई समेट्ने जस्ता सहकारी सम्बन्धी नीतिहरु तय भएका छन् ।

- कृषि, उद्योग र सेवाको क्षेत्रमा सहकारी संघ-संस्थाको माध्यमबाट रोजगारी सृजना तथा उत्पादन बृद्धि गरिने छ ।
- सहकारी संघ संस्थाका पदाधिकारी, कर्मचारीहरुलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र विकास सम्बन्धी तालिम दिने व्यवस्था मिलाइने छ ।
- कृषि सँग सम्बन्धित सहकारीलाई नियमन गर्न संस्थागत क्षमता अभिबृद्धि गरी सहकारीको विश्वसनीयता र कार्यदक्षता अभिबृद्धि गरिने छ ।

## २. सामाजिक विकासतर्फका नीतिहरु :

## २.१. शिक्षा

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हककारुपमा प्रत्याभूत गरेको छ । यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताकोरुपमा राखेको छ । नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रही आएको छ । स्थानीय सरकार संचालन ऐनमा माध्यमिक तहसम्मको शिक्षा क्षेत्रको विकासमा नगरपालिकाको अहम् भूमिका रहने गरी शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यस सन्दर्भमा नगरपालिकाले निम्न नीति लिनेछ ।

- विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिबृद्धिका लागि प्रधानाध्यापक सँग कार्यसम्पादन करारको नीति लागु गरिने छ ।
- शिक्षकहरुको कार्यसम्पादनलाई विधार्थीहरुले हाँसिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था मिलाईने छ ।
- भूकम्पको असरबाट ध्वस्त भएका, अति जीर्ण अवस्थामा रहेका र विद्यार्थी संख्याको अनुपातमा भवन अभाव भएका बिद्यालयहरुको छनौट गरी त्यस्ता स्थानहरुमा भूकम्प प्रतिरोधि आधुनिक भवन निर्माण गर्न प्राथमिकता दिइने छ ।

- समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा नगर भित्रको एक विद्यालयलाई वार्षिकरुपमा उत्कृष्ट विद्यालय घोषणा गरी उचित पुरस्कार प्रदान गरिने छ।
- पहुँचका साथै गुणस्तरीय माध्यमिक शिक्षा सुनिश्चितको लागि योजना बनाइने छ।
- मूल्यमा आधारित प्रविधि सीपउन्मुख पेशागत तथा व्यवसायीक शिक्षालाई जोड दिइने छ।
- औपचारिक शिक्षाको पुरककोरुपमा बैकल्पिक शिक्षाका अवसरहरु विस्तार गरिने छ।
- विद्यार्थीहरुलाई नागरिक कर्तव्य वहन गर्नका लागि तयार गरिने छ।
- मागको आधारमा स्रोतको व्यवस्थापन गर्नुका साथै नगरपालिका क्षेत्रभित्रका विद्यालयमा दरवन्दी मिलान, विद्यालय समायोजन, तह तथा कक्षा थप्ने, कक्षा घटाउने, विषयगत, कक्षागत र न्यूनतम विद्यार्थी शिक्षक अनुपात कायम गर्ने सम्बन्धी आवश्यक कार्यक्रमहरु तयार गरी कार्यान्विन गरिने छ।
- सम्पूर्ण बालबालिकालाई **"विद्यालय ल्याउ, टिकाउ र सिकाउ"** अभियानलाई निरन्तरता दिइने छ ।
- अव बन्ने विद्यालय भवन अपाङ्ग र बालमैत्री तथा वातावरण मैत्री बनाउन जोड दिइने छ।
- नगरका प्रत्येक वडामा विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क एकिन गरी विद्यालय बाहिर रहेको बालबालिकालाई विद्यालय शिक्षामा पहुँचको सुनिश्चित गरिने छ।
- अपाङ्गता भएका विद्यार्थीहरुलाई निःशुल्करुपमा उच्च शिक्षासम्म अध्ययन गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।
- वालविकास केन्द्रलाई शिक्षाको अनिवार्य तथा पहिलो आधारकोरुपमा विकास गरिने छ।
- विद्यालय गुणस्तरीय शैक्षिक वातावरण स्थापना गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्र/छात्राका लागि छुट्टा छुट्टै शौचालय, खेलमैदान, खेलकूद सामग्री जस्ता पूर्वाधारमा ध्यान दिई गुणस्तरीय पठन पाठन कार्यलाई अगाडि बढाइने छ।
- हरेक मा.वि.मा विज्ञान प्रयोग शालाको सुविधा सहित शिक्षण कार्यलाई प्रभावकारी बनाइने छ।
- कक्षा ५ सम्मका पठन पाठन बालमैत्री कक्षा संचालन गर्न प्रकृया अगाडि बढाइने छ।
- नगरका सबै मा.वि.मा प्रविधिको माध्यमबाट पठन पाठन गराउन पूर्वाधारको विकास गरिदै लगिने छ।
- एक पालिका एक नमूना विद्यालयको लागि मा.वि.हरुको अध्ययन अनुगमन गरी सिफारिस गरिने छ।

## २.२. स्वास्थ्य

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पुहँच प्राप्त हुने विषयलाई मौलिक हककोरुपमा प्रत्याभूत गरेको छ । गुणस्तरीय स्वास्थ्यको पहुँचमा नगरपालिकाको मुख्य दायित्व रहेको सन्दर्भमा निम्न नीतिहरु तय भएका छन्।

- स्वास्थ्य तथा पोषण बारे व्यापक जनचेतना जागृति हुने कार्यक्रमहरु संचालन गरिने छ।
- सर्ने वा नसर्ने रोगहरुको वारेमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रचारक कार्यक्रम संचालन गरिने छ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम्, बालबालिका तथा शिशु, किशोर किशोरी स्वास्थ्यको वारेमा जनचेतना अभिबृद्धि गरिने छ।

- वडाका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनमा आवश्यक पर्ने सबै पूर्वाधारहरु तयार गर्ने प्रयास गरिने छ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
- सुर्तिजन्य एवं मदिराजन्य उत्पादन र विक्री वितरणलाई नियमन गरिने छ ।
- प्रत्येक वडामा योग संचालन तथा जडिबुटीको तालिम दिई योग र आयुर्बेद शिक्षालाई प्रत्येक घर घरमा पुऱ्याइने छ । नगरपालिका हाताभित्र योग भवन निर्माण गरी नियमित योग संचालन गरिने छ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीहरुको स्तरबृद्धि गर्नुका साथै साधनस्रोत सम्पन्न बनाउदै गुणस्तरीय र सर्वसुलभ सेवा उपलब्ध गराइने छ ।
- क्षयरोग लगायत अन्य सरुवा रोग नियन्त्रण कार्यक्रम संचालन गरिने छ ।
- हाल सञ्चालित एकद्धार संकट व्यवस्थापन केन्द्रलाई निरन्तरता दिइ व्यवस्थित गरिने छ ।
- महिला स्वास्थ्य स्वंसेविकाहरुबाट सम्पादित कार्यहरुको मूल्याङ्कनको आधारमा प्रोत्साहनको व्यवस्था गरिने छ । साथै ६० वर्ष उमेर पुरा गरेका स्वास्थ्य स्वयंसेविकालाई सुविधा उपलब्ध गराई अनिवार्य अवकाश दिने व्यवस्था गरिने छ ।
- नगरमा रहेका मध्ये उच्च प्रगति हासिल गर्ने एक स्वास्थ्य संस्थालाई वार्षिकरुपमा पुरस्कृत गरिने छ ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- संस्थागत प्रसुति सेवालाई बढवा दिई मातृ तथा नवजात शिशु मृत्युदरमा कमी ल्याइने छ ।
- नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट परिवार नियोजनका सबै खाले अस्थाई साधनहरु उपलब्ध गराउनका साथै स्थायी परिवार नियोजनको लागि आवश्यकता अनुसार शिविर संचालन गरिने छ ।
- समुदायका हरेक वर्गलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन सम्बन्धित संघसंस्थाहरु सँग समन्वय गरी प्रत्येक वर्ष आवश्यक क्षेत्रमा स्वास्थ्य शिविर संचालन गरिने छ ।
- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टर क्रमश स्थापना गरिदै लगिने छ ।

## २.३. खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई सेवा आधारभूत मानव अधिकारकोरुपमा स्थापित छ । खानेपानीको स्रोत संरक्षण र वातावरणीय सफाई उत्तिकै महत्वपूर्ण छन् । यस सन्दर्भमा निम्न नीतिहरु अवलम्बन गरिने छ ।

- नगरका सम्पूर्ण क्षेत्रमा स्वच्छ खानेपानी सेवा उपलब्ध गराउदै लगिने छ ।
- नगरवासीमा आधारभूत स्तरको सरसफाई तथा शौचालयको सुविधा विस्तार गरिने छ ।
- सिद्धिचरण नगरपालिकालाई ३ वर्षभित्र पूर्ण सरसफाइ युक्त नगरक्षेत्र घोषणा गर्ने नीति बनाइने छ ।
- सार्वजनिक स्थलहरुको सरसफाई तथा संरक्षण नीति लिइने छ ।
- विद्यालय स्तरीय प्राथमिक उपचार कार्यक्रम लागु गरी महिनावारी भएका छात्राहरुको लागि निशुल्क स्यानिटरी प्याड वितरण गर्ने नीति लिइने छ ।
- सदरमुकामको खानेपानी प्रणाली व्यवस्थापन गर्नका लागि योजना बनाइने छ ।

## २.४. लैंगिक समानता तथा सामाजिक समावेशिकरण

आर्थिक, सामाजिक जीवनमा महिलालाई पुरुष कै हाराहारीमा ल्याउनु, लैंगिक हिंसा घटाई समतामूलक समाज निर्माण गर्नु आजको आवश्यकता रहेको छ । बालबालिका लागि संविधान र कानूनमा व्यवस्था भएका हकको कार्यान्वयन र बालबालिकाको सर्वाङ्गिण विकास गर्नुपर्ने देखिन्छ । साथै

लैंगिक विभेदको अन्त र लैंगिक समावेशीकरणको माध्यमबाट लैंगिक मैत्री नगरपालिका बनाउन पनि उत्तिके जरुरी छ । यस सर्न्दभमा निम्न नीति तय भएका छन् ।

- बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिईने छ ।
- बालबालिका र किशोर किशोरीमा हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारत्मक र प्रवर्धनात्मक उपाय अबलम्वन गरिने छ ।
- सबै प्रकारका बालश्रम न्यूनिकरण तथा निषेध गर्दै लगिने छ ।
- समाजमा विद्यमान कुरुती, अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सबै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गरिने छ । समाजमा रहेको छुवाछुत र भेदभावलाई पूर्णरुपमा निर्मूल गरिने छ ।
- वडा स्तरमा महिला समूह तथा समिति गठन तथा छरिएर रहेका कोषलाई एकीकृत गरी व्यवस्थित गर्न महिला सहकारी दर्ता गर्न प्रोत्साहन गरिने छ ।
- विपन्न एकल महिलाहरुलाई पेशागत व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक व्यवसायीक सीप विकासका कार्यक्रमहरु संचालन गरिने छन् ।
- बालविवाह, मानव बेचविखन, घरेलु हिंसा, शारीरिक, मानसिक तथा यौन हिंसा विरुद्धका कार्यक्रम सरोकारवालाहरु सँगको सहकार्यमा संचालन गरिने छन् ।
- सामुदायिक मनोसामाजिक कार्यकर्ता नगरका सबै वडाहरुमा व्यवस्थापन गरी सकिएको सन्दर्भमा निजहरुलाई तालिमद्धारा क्षमता अभिबृद्धि गरिने छ ।
- बालमैत्री स्थानीय शासनको नीति अवलम्बन गरिने छ ।
- प्रजनन स्वास्थ्य सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- महिलाहरुको आर्थिक रुपान्तरण गर्न उद्यमशिलता विकासमा जोड दिइने छ ।

## २.६. सामाजिक सुरक्षा

नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हककोरुपमा स्थापित गरेको छ । यस सन्दर्भमा निम्न नीतिहरु तय गरिएको छ ।

- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका ब्यक्तिहरुको मूल अभिलेख अद्यावधिक गरी उक्त कार्यक्रमद्वारा लक्षित ब्यक्तिहरुको विवरण MIS प्रणालीमा प्रविष्ट गरिने छ । साथै सामाजिक सुरक्षा भत्ता भुक्तानी दिदा बैंक मार्फत भुक्तानी दिने व्यवस्था मिलाईने छ ।
- नगरक्षेत्रभित्र ज्येष्ठ नागरिक हेरचाह केन्द्र, अनाथालय साथै सुरक्षित महिला आवासगृह निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमसीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सृजना गरिने छ ।
- सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाउन जोड दिइने छ ।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लाभग्राहीहरुको अभिलेख व्यवस्थापनको कार्य अनलाईनको माध्यमबाट गरिने छ ।

- विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी कार्यक्रम संचालन गरिने र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम ल्याईने छ ।
- बढीमा **दुई मात्र छोरी** भई जन्मदर नियन्त्रण गरेका दम्पत्तिलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन गरिने छ ।
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमा अल्जाइमर, स्पायनल कर्ड इन्जुरी, अटिजम, पार्किन्सन जस्ता रोगहरुको वारेमा सचेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।
- ज्येष्ठ नागरिक स्याहार तथा हेरचाह केन्द, मनोरञ्जन पार्क, धार्मिक तथा आध्यात्मिक पार्क, खेलकूद मैदानको क्रमिकरुपमा विस्तार गर्दै जाने नीति लिइने छ ।
- आगामि दिनमा निर्माण हुने भवन तथा सडक लगायत सार्वजनिक भौतिक संरचना र पूर्वाधारलाई अपाङ्गमैत्री बनाइने छ ।

## २.७. युवा तथा खेलकुद :

राजनीतिक, आर्थिक, सामाजिक र साँकृतिक रुपान्तरणमा युवा वर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ । साहस, सृजनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्म विश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिएको छ । यसै सन्दर्भमा "सबैका लागि खेलकुद" भन्ने अभियानका साथ खेलकुद सँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गर्ने तर्फ खेलकुद नीति केन्द्रीत हुनेछ ।

- युवामा नैतिक चारित्रिक गुण एवं अनुशासनको विकास गरी राज्य र समाज प्रति दायित्व बोध गराउने तथा श्रम प्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरस्तरीय खेलकूद समिति गठन गरी समितिसँगको समन्वयमा खेलकूदका क्रियाकलापहरु सञ्चालन गरिने व्यवस्था मिलाइने छ ।
- प्रत्येक वडामा सम्भाव्यताको अध्ययन गरी खेलमैदान, युवा क्लब क्रमिकरुपमा निर्माण गरिने छ ।
- नगरपालिका क्षेत्रमा रंगशाखा निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।
- सबै वडाहरुमा **'एक वडा एक खेलमैदान'** अभियान अन्तर्गत सबै वडामा खेलमैदान निर्माणलाई प्राथमिकता दिइने छ ।
- खेलकूदको विकासका लागि विद्यालय देखिनै निश्चित योजना र कार्यक्रम बनाई राष्ट्रियस्तरका खेलाडीको उत्पादन गरिने छ ।
- एक स्थानीय तह एक खेलकूद मैदान कार्यक्रम अन्तर्गत सि.न.पा. १२ मा रहेको स्थानीय खेलकूद मैदानको पूर्वाधार विस्तार तथा स्टेडियम निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग माग गरिने छ ।

# ३. पूर्वाधार विकासतर्फ नीतिहरु :

स्थानीय पूर्वाधार निर्माणमा ठूलो मात्रमा लगानी गरी योजनाबद्ध ढंगले कार्य गर्नु आवश्यक छ । नगरबासीको प्रत्यक्ष सहभागिताबाट विकास कार्यक्रमको छनौट एवम् संचालन गरी त्यसबाट प्राप्त उपलब्धिबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने अवस्था सृजना गर्न साधन स्रोत र प्रयत्नको संयोजित प्रबन्ध गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ । यस सन्दर्भमा निम्न नीतिहरु तय गरिएका छन् ।

## ३.१. सडक तथा पुल

- नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरी तुलनात्मकरुपमा बढी चल्तीका सडकहरुको मर्मत संभार तथा स्तरीकरण कार्य सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान र नगरपालिका अन्तर्गतको मर्मत संभार विशेष कोषबाट गरिने छ ।
- नगरक्षेत्रभित्र निर्माण भई सञ्चालनमा आएका पुलहरुको संरक्षण र नियमित मर्मत सम्भारको व्यवस्था मिलाईने छ ।
- नगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- राजमार्ग बाहेकका नगरक्षेत्र भित्रका सडकले ओगटेको जग्गाको लगत कट्टा गरिने नीति अवलम्बन गरिने छ ।
- जोड्न बाँकी सडकलाई क्रमागतरुपमा राखी सम्पन्न गरिने छ । नयाँ सडकको ट्र्याक खोल्ने कामलाई निरुत्साहित गरिने छ र पुराना सडकहरुको स्तरोन्नती गर्ने नीति लिइने छ ।
- नगरपालिकाका सम्पूर्ण वडाहरु जोड्ने प्रमुख तथा सहायक सडकलाई All Weather Roads को रुपमा निर्माण तथा विकास गर्न ग्राभेल तथा कालोपत्रै सडक बनाउने नीति लिइने छ ।
- यस नगरपालिकाका सडक निर्माण गर्दा सडक गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन (DPR) लाई मुख्य आधार बनाइने छ ।
- यस नगरपालिकाका सडकलाई मुख्य, मध्यम र सहायक गरी तीन तहमा वर्गिकरण गरिने छ । मुख्य सडकको चौडाई १० मिटर, मध्यम सडकको चौडाई ८ मिटर र सहायक सडकको चौडाई ६ मिटर रहने छन् ।

## ३.२.सिंचाई

कृषि उत्पादकत्व बढाउन सिंचाईको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिंचाई पूर्वाधारको विकासको साथै सम्पन्न सिंचाई प्रणालीको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन जरुरी छ । यसको लागि निम्न नीतिहरु तय भएका छन् ।

- सिंचाई सेवा उपलब्ध गराउनका लागि सतह सिंचाईका बहुउद्देश्य आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।
- निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिने छ ।
- आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि उपयोग गरिने छ ।
- सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलन आहाल र प्लाष्टीक पोखरी व्यवस्थापन गरिने छ ।

## ३.३. भवन तथा सहरी विकास

सुरक्षित बस्ती विकास लागि जग्गा प्राप्ति गर्न तथा जोखिममा रहेका बस्ती स्थान्नतरण गर्नु, स्थानीय निर्माण सामाग्रीहरुको गुणस्तरमा सुधार ल्याउनु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै

किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सिकर्मी, डकर्मी लगायतलाई तालिम उपलब्ध गराउनु चुनौति रहेका छन् । यस सन्दर्भमा निम्न नीति तय भएका छन् ।

- नगरको मुख्य बजार लगायत अन्य सम्भावित बजारक्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्न गराउन अझ जोड दिइनेछ छ ।
- नगरक्षेत्रमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गरी सोको आधारमा निर्माण गर्ने व्यवस्था गर्नको लागि हाल कार्यान्वयनमा आएको भवन निर्माण सम्बन्धी विनियम, २०७१ ( संशोधित तथा परिमार्जित २०७४) थप परिमार्जन गरी जारी गरिने छ ।
- भवन निर्माण सम्बन्धी विनियम, २०७१ (संशोधित तथा परिमार्जित २०७४) लागु हुनु अघि निर्माण भईसकेका भवनहरुको हकमा भवन सवलीकरण र अभिलेखिकरण कार्य सञ्चालन गरी सुरक्षित भवन निर्माण अभियानको थालनी गरिने छ ।
- भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई तालिमको व्यवस्था मिलाइने छ ।
- ओखलढुंगा बजारमा बुधवार र शनिवार लाग्ने हाटबजार र रुम्जाटारमा लाग्ने शुक्रवारे बजारको उचित व्यवस्थापन गरिने छ ।
- रमाइलो डाँडामा बसपार्क निर्माण गर्न नेपाली सेनाबाट जग्गा हस्तान्तरण गर्ने प्रकृया अगाडि बढिरहेको र नेपाली सेनाबाट जग्गा हस्तान्तरण प्रकृया पुरा भएपछि उक्त स्थानमा बसपार्क निर्माण गर्ने प्रकृया अगाडि बढाईने छ ।

## ३.४. विद्युत

- केन्द्रीय विद्युतीकरण विस्तारका कार्यक्रमहरु निरन्तर अगाडि बढाईने छ ।
- सडकमा रहेका विद्युत पोलको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय गरिने छ ।
- हालसम्म विद्युत सेवा पुग्न नसकेका स्थानहरुमा उच्च प्राथमिकताकासाथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरिने छ ।
- नगरभित्रका महत्वपूर्ण सडकहरुमा सोलार बत्ति जडान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- यस नगरपालिकाका सबै वडाहरुमा ३ वर्ष भित्र विद्युत विस्तार गरिसक्ने नीति अवलम्बन गरिने छ ।

## ३.५. सञ्चार तथा सूचना प्रविधि :

नेपालको संविधानमा प्रदत्त मौलिक हककोरुपमा रहेको सूचनाको संरक्षण र सम्वर्धन गर्दै आम संचारलाई स्वच्छ, सक्षम, निश्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक पर्ने राज्यको नीति हुने संबैधानिक व्यवस्था रहेको छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

- ल्याण्ड लाइन टेलिफोनको सुविधा पुग्न बाँकी वडा केन्द्रसम्म ल्याण्ड लाइन टेलिफोन लाइन बिस्तार गर्न पहल गरिने छ ।
- सूचना अधिकारी मार्फत नगर कार्यपालिकाको कार्यालयसँग सम्वन्धित सूचना सरोकारवालाई उपलव्ध गराउने व्यवस्था गरिने छ ।
- नगरपालिकाका कामकारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाइने छ । पत्रकार भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधि प्रत्येक महिनाको ३ गते सूचना अधिकारी मार्फत सार्वजनिक गरिने छ ।

- स्थानीय संचार माध्यमहरुलाई सूचना तथा विज्ञानपन उपलब्ध गराउने नीति लिईने छ ।
- नगरबासीलाई पढ्ने बानीको विकास गर्न नगरपालिकामा एक स्तरीय पुस्ताकालय संचालन गरिने छ र पुस्ताकालयको स्थापना वडा कार्यालयहरुमा पनि विस्तार गर्दै लगिने छ ।
- समुदायसँगको सहकार्यमा समुदायस्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिने छ ।
- सूचना प्रविधि प्रणालीको गुणस्तरमा अभिबृद्धि गरिने छ ।
- सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सुधार गरिने छ ।
- सूचनाको हकको प्रयोग सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराईने छ ।
- इन्टरनेट सेवा बिस्तारको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनिकरण गर्न, खोज उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रकृयामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत एवं क्षेत्रगतरुपमा लागु गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी देखिएको छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएको छन् ।

- नगरस्तरीय विपद् व्यवस्थापन समिति क्रियाशील गराईने छ ।
- नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय तथा प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभावलाई पहिचान गर्ने नीति अवलम्वन गरिने छ ।
- नगरक्षेत्रमा विपद् आपतकालिन केन्द्रको स्थापना गरी विपद् सामाग्री भण्डारण गरिने छ ।
- नगर पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ ।
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुमा जनताको सहभागिता बढाई समन्वयात्मक रुपमा वातावरणीय मैत्री स्थानीय शासन प्रवर्धन गरिने छ ।
- विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्दारको लागि "**मेयर राहतकोष"** स्थापना गरी सोही कोष मार्फत तुरुन्तै उद्दार गर्ने नीति लिइने छ ।
- नगर विपद् प्रतिकार्य योजना बनाइने छ ।

### ४.१. वन तथा भू-संरक्षण

दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काठ, वन पैदावरको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाईमा समेत वन क्षेत्रको उल्लेखिय भूमिका रहेको छ । त्यसै गरी जमिनलाई बाढी पहिरोबाट बचाउन भू-संरक्षण गर्नुपर्ने जरुरी देखिन्छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

- सबै खाले वनहरुमा आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यका साथ जैविक विविधता, सीमसार, पानीको मुहान, कुँवा, इनार संरक्षणमा प्राथमिकता दिईने छ ।
- खाली र नाङ्गा डाँडापाखामा वृक्षरोपण अभियान संचालन गरिने छ ।
- नगरपालिका र साझेदार निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी बिभिन्न क्रियाकलापहरु सञ्चालन गरिने छ ।

- समुदायमा आधारित वन व्यवस्थापनको विकास र विस्तार गरिने छ ।
- एक गाउँ एक पोखरी निर्माण एवं प्राकृतिक पोखरीहरुको संरक्षण, सम्बर्धनलाई अभियानकोरुपमा संचालन गरिने छ ।
- जलधार क्षेत्रको संरक्षण, सम्बर्धन गरिने छ ।
- जनस्तरमा वातावरणीय चेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।
- एक वडा एक पार्क अभियान क्रमश कार्यान्वयन गरिने छ ।
- यस नगरपालिकाको वडा नं. ६ स्थित नलिडाँडा सामुदायिक वनलाई जडिबुटी तथा साना तथा घरेलु उद्योगका लागि कच्चा पदार्थ उत्पादन क्षेत्रका लागि विकास गरिने छ ।

### ४.२. फोहोरमैला व्यवस्थापन

- Zero Landfieldsite को अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापनको लागि निजी क्षेत्रसँगको समन्वयमा कार्य अगाडि बढाईने छ ।
- प्रदुषकले तिर्नु पर्दछ भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम्  कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।
- सार्वजनिक स्थलहरुमा शौचालय निर्माण गर्ने कार्य अगाडि बढाईने छ ।
- प्राङ्गरिक मल उत्पादनका माध्यमबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोरमा रुपमान्तर गरी व्यवस्थित गरिने छ । **"आफ्नो ठाउँ आफै सफा गरौं"** अभियान प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थाबाट संकलन भएका फोहोरमैलाको उचित व्यवस्थापन गर्न प्रत्येक स्वास्थ्य संस्थामा Incinerator र खाल्डोको व्यवस्था गरिने छ ।
- सिद्धिचरण नगरपालिकालाई मापदण्ड भन्दा बाहिरका प्लाष्टिक झोला तथा खादा रहित नगरपालिका बनाउन कार्यक्रम संचालन गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु :

### ५.१. सुशासन :

नगर प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागिता मूलक बनाउदै राज्यबाट प्राप्त हुने  सेवा सुविधामा जनताको सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्नु आजको खाचो हो । यस सन्दर्भमा यस क्षेत्रका निम्न नीतिहरु तय भएका छन् ।

- सेवा प्रवाहलाई जनमुखी र सेवा मुलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयन गरिदै लगिने छ ।
- जनगुनासोलाई प्रत्यक्षरुपमा संबोधन गर्ने व्यवस्थापन गरिने छ ।
- सार्वजिनक सरोकारका विषयका सूचनामा नागरिकको पहुँच अभिबृद्धि गरिने छ ।
- कर्मचारीलाई सक्षम र प्रतिस्पर्धि बनाउन क्षमता अभिबृद्धि गरिने छ ।
- भ्रष्टाचारमा शून्य सहनसिलताको नीति मार्फत सुशासन प्रवर्धन गरिने छ ।
- उपभोक्ता समिति र तिनका क्रियाकलापमा पारदर्शिता कायम गरिने छ ।
- जनप्रतिनिधि नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि समय सापेक्ष तालिम र अवलोकन भ्रमणको कार्यक्रम राखिने छ ।

- कार्यसम्पादनको मूल्याङ्कन गरी कर्मचारीको मनोवल उच्च राख्न प्रत्येक वर्ष १ जना कर्मचारीलाई **उत्कृष्ट कर्मचारी** घोषणा गरी पुरस्कार प्रदान गरिने छ ।
- सिर्जनशिललाई प्रोत्साहन, उत्कृष्टलाई सम्मान र कमजोरीलाई सुधार गरिदै लगिने नीति लिईने छ ।
- नगरपालिकामा अनुशासन र मर्यादा कायम गर्न जनप्रतिनिधि र कर्मचारीको बेग्लाबेग्लै आचार संहिता बनाई लागु गरिने छ ।
- नगरपालिकामा NGO Help Desk को व्यवस्था गरी कार्य संचालन गरिने छ ।
- वडा तथा नगरपालिकाको विभिन्न विषयगत एवं अन्य शाखाहरुको कामलाई सेवाग्राही प्रति उत्तरदायी बनाउने गरी कार्य प्रणालीलाई पारदर्शी बनाईने छ ।
- अनुगमनलाई योजना चक्रको चरणहरुको अभिन्न अङ्गकारुपमा विकास गरी नजितामूलक अनुमान प्रणालीको कार्यान्वयन गरिने छ ।
- आयोजनाको सामाजिक परीक्षण सार्वजनिक परिक्षण लगायतका सामाजिक उत्तरदायित्वका विधिहरुको माध्यमबाट स्थानीय तहको विकास प्रकृयालाई पारदर्शी तथा उत्तरदायी बनाईने छ ।

## ५.२. संस्थागत क्षमता विकास

- व्यवस्थित र योजनाबद्ध विकासका लागि समष्टिगत सहरी विकास योजना, भू-उपयोग योजना, यातायात गुरुयोजना, स्थानीय विपद् व्यवस्थापन योजना, व्यवस्थित आवास विकास योजना, सहितको आवधिक योजना तर्जुमा एवम् कार्यान्वयन गरिने छ ।
- नगरक्षेत्रमा रहेका सार्वजनिक, पर्तिऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अद्यावधिक गरी सोको संरक्षण गर्न आवश्यक नीति बनाइने छ ।
- नेपाल सरकारबाट नगरपालिकाको केन्द्र हाल नगरपालिका बसेको स्थानलाई तोकिएको हुँदा सोही स्थानमा नगरपालिकाको भवन बनाउने प्रकृया अगाडि बढाईने छ ।
- नेपाल प्रहरीसँगको समन्वयमा नगरका मुख्य बजार क्षेत्रमा सि.सि.टि.भी. जडान गरिने छ ।
- नगरमा रहेका बाह्रै वटा वडा र स्थानमा सन्तुलित विकास अवधारणको नीति अवलम्बन गरिने छ ।
- अन्य स्वदेश तथा विदेशका नगरपालिकाहरु सँग मितेरी तथा भगिनी सम्बन्ध कायम गर्दै लगिने छ ।
- **"गरीबलाई टिनको छाना"** कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- न्यायिक समितिको लागि भौतिक पूर्वाधार सहितको क्षमता अभिबृद्धि गरिने छ ।
- कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखालाई चुस्त, छरितो र प्रभावकारी वनाउन आवश्यक व्यवस्था मिलाईने छ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिम संचालन गरिने छ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नीति, नियम, निर्देशिका, कार्यविधि निर्माण र आवश्यकता र औचित्यताको आधारमा संशोधन गरिने छ ।
- नगरको सुरक्षालाई थप टेवा पुऱ्याउन नगर प्रहरीको व्यवस्था गरिने छ ।

## ५.३. राजश्व परिचालन

वित्तिय प्रणालीलाई सवलीकरण गर्न, सार्वजिनक खर्चका बढ्दो आवश्यकतालाई पुरा गर्न र परनिर्भरतालाई कम गर्न आन्तरिक श्रोत परिचालन आवश्यक छ । यस सन्दर्भमा निम्न नीति तय भएका छन् ।

- व्यवसाय कर संकलनका लागि ओखलढुङ्गा उद्योग वाणिज्य संघसँग सहकार्य गरिने छ ।
- कर प्रशासनको सवलीकरण गरिने छ ।
- नगरपालिकालाई प्राप्त हुने आन्तरिक स्रोतको पहिचान गर्न संभाव्यता अध्ययन गराईने छ ।
- करको प्रभावकारिता बृद्धि गर्न कर शिक्षा कार्यक्रम वडा स्तरमा निरन्तर संचालन गरिने छ ।
- नगरको राजश्वमा बढी योगदान पुऱ्याउने वडा कार्यालयलाई राजश्वको अनुपातमा विकास वजेट उपलब्ध गराउने नीति लिईने छ ।
- राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वय गरिने छ ।
- आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन वडास्तर बाटै राजश्व संकलन गरिने व्यवस्था मिलाइने छ ।
- कर प्रशासनलाई सूचना प्रविधिसँग आवद्ध गरिने छ ।
- कर प्रशासनलाई अपाङ्ग मैत्री तथा सेवाग्राही मैत्री बनाइने छ ।

## ५.४. वित्तिय व्यवस्थापन

सार्वजनिक खर्चको पारदर्शिता अभिबृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गर्नु पनि जरुरी छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

- सार्वजनिक आय-व्यय र खरिदलाई प्रभावकारी व्यवस्थित र पादर्शी बनाईने छ ।
- आन्तरिक नियन्त्रण र लेखा परीक्षणलाई विश्वसनीय एवं प्रभावकारी बनाईने छ ।
- वार्षिक नीति र कार्यक्रम सँगै वार्षिक खरिद योजना अनिवार्य गरिने छ ।
- विकास आयोजनाहरुको ठेक्का पट्टा समयमै गर्ने तथा विद्युतिय बोलपत्र **(E-Biding)** को शुरुवात गरिने छ ।
- आर्थिक वर्षको अन्तिम ३ महिनामा बार्षिक कार्यक्रम संशोधन गर्ने पद्धतिमा रोक लगाईने छ ।
- वेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखा परीक्षणलाई सूचना प्रविधिमा आधारित बनाउनुका साथै लेखा उत्तरदायी अधिकारीलाई बढी जिम्मेवारी बनाईने छ ।
- नगरपालिकाले पूँजीगत योजनामा ४ (चार) प्रतिशत कन्टेन्जेन्सी कायम गर्ने छ । साथै उक्त कन्टेन्जेन्सी बाट प्राप्त रकम नगरपालिकाको निर्णयको आधारमा खर्च गरिने छ । सोको लागि कन्टेन्जेन्सीबाट सञ्चालित कार्यक्रमहरुको छुट्टै लगत राखिने छ ।
- शून्य पेश्की एवं शून्य वेरुजु नीति अवलम्बन गरिने छ ।
- आन्तरिक लेखा परीक्षण शाखाबाट **पूर्व लेखा परीक्षण** गरेपछि भुक्तानी दिने व्यवस्था क्रमश लागु गरिने छ ।
- वित्तिय अनुशासन कायम गर्दा मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ ।
- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वय गरिने छ ।

## ५.५. वित्तिय जोखिम न्यूनिकरण

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वासनीय र पूर्व अनुमान योग्य बनाउदै लैजानु अति आवश्यक छ । निरन्तर बृद्धि हुँदै गएको चालु खर्चलाई व्यवस्थित गर्दै पूँजीगत खर्चमा बृद्धि गर्ने प्रकृयालाई अगाडि बढाउनु आवश्यक छ । यस सन्दर्भमा निम्न नीति तय भएका छन् ।

- भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्यका क्षेत्रमा लगानी केन्द्रीत गरिने छ ।
- नगरका गौरवका विकास आयोजनाहरुको छनौट गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

- प्राथमिकताका आधारमा उच्च प्रतिफल युक्त एवम् आर्थिक सामाजिक दृष्टिकोणले महत्वपूर्ण रहेका पूर्वाधारमा लगानी केन्द्रीत गरिने छ ।
- विनियोजित वजेट समयमा नै कार्यान्वयन हुने गरी व्यवस्था मिलाइने छ ।
- सार्वजनिक खर्च पारदर्शी बनाउन पारदर्शिताका विधिहरु प्रयोगमा ल्याईने छन् ।

*अन्त्यमा,*

आ.व.०७६।०७७ को वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि एवं कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रका संघ संस्था र यस क्षेत्रका प्रबुद्ध वर्ग, नगरमा रहनु हुने बृद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला मानुभावहरुलाई धन्यवाद् दिन चाहन्छु । सबै पक्षको सल्लाह सुझाव तथा मेहनतले यो वजेट नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत भएको छ । नीति, कार्यक्रम एवं वजेट तुर्जमा हुनु एउटा पाटो हो भने त्यसको सही कार्यान्वयन अर्को पाटो हो । फेरि त्यसको अनुगमन र मूल्याङ्कनबाट गुणस्तर कायम गर्नु अर्को पक्ष हो । यसैले यी सबै चरणमा यहाँहरु सबैको सहयोग र साथको अपेक्षा गरेको छु ।

**धन्यवाद् ।**

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

मिति : २०७६ आषाढ १०